# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, मंसिर ११ गते २०५८ साल (अतिरिक्ताङ्क ४६


## भाग ३

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय हितलाई ध्यानमा राखी "जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं" भन्ने नारालाई दुरुत्साहन गर्ने वा यससँग सम्बन्धित कुटपीट, लुटपीट, अपहरण, आगजनी, हत्या, हिंसा जस्ता विध्वंसात्मक एवं आतङ्ककारी गतिविधिलाई बढावा दिने उद्देश्यले अभिप्रेरित वा उक्त अभिप्रायलाई पुष्टि गर्ने मनसायले प्रेरित अन्तर्वार्ता, लेख, समाचार, सूचना वा पाठ्य-सामग्री वा अभिमतको प्रकाशनमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रकाशन गरेमा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०५

## सूचना २

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय हितलाई ध्यानमा राखी "जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं" भन्ने नारालाई दुरुत्साहन गर्ने वा यससंग सम्बन्धित कुटपीट, लुटपीट, अपहरण, आगजनी, हत्या, हिंसा जस्ता विध्वंसात्मक एवं आतङ्ककारी गतिविधिलाई बढावा दिने उद्देश्यले अभिप्रेरित वा उक्त अभिप्रायलाई पुष्टि गर्ने मनसायले प्रेरित अन्तर्वार्ता, लेख, समाचार सूचना, पाठ्य-सामग्री, श्रव्य-दृष्य सामग्री वा अभिमतको प्रसारणमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रकाशन गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।